सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail :info@mole.gov.np
Website :moless.gov.np

# नेपाल सरकार
# श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

PMEP/8C/ १०४

मितिः २०७५।१२।१३

**बिषयः सहभागिता सम्बन्धमा।**

श्रीमान् सचिवज्यू,
सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. १, २, ३, गण्डकी, ५, कर्णाली र सुदूरपश्चिम,
(मार्फत सामाजिक विकास तथा प्रादेशिक समन्वय महाशाखा,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय), सिंहदरवार।।

नेपालको संविधानमा मौलिक हकका रुपमा उल्लेखित रोजगारीको हकलाई कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्मानित संघीय संसदबाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको व्यहोरा अवगतै छ। उक्त ऐनको प्रावधान अनुसार बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने लगायत आन्तरिक रोजगारी सिर्जना र व्यवस्थापन गर्न नेपाल सरकारले चालू आ.व.बाट प्रदेश सरकार र स्थानीय तहहरुसँगको सहकार्यमा प्रधानमन्त्री रोजगार कार्यक्रम प्रारम्भ गरेको छ ।

यसै सन्दर्भमा यस मन्त्रालयबाट ७ वटै प्रदेश अन्तर्गत रहेका सबै स्थानीय तहहरुमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतज्यूहरु र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत खटिएका रोजगार संयोजकहरुका लागि देहायको मिति, समय र स्थानमा आयोजना गरिएको सम्बन्धित प्रदेशको अभिमुखीकरण कार्यक्रमको समुद्घाटन समारोहमा यहाँको उपस्थितिका लागि निर्णयानुसार अनुरोध गर्दछु ।

उक्त अभिमुखीकरण कार्यक्रममा तहाँ मन्त्रालयका योजना महाशाखा प्रमुख र सोही महाशाखामा कार्यरत एक जना अधिकृतलाई समेत सहभागी गराइदिने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ।

डा. लोकनाथ भुसाल
उपसचिव

**देहायः**

| प्रदेश | कार्यक्रमको मिति र समय | स्थान |
|---|---|---|
| प्रदेश १ | २०७५ चैत्र १५-१६ बिहान ९ बजे | जेसिस भवन, टंकी सिनुवारी, बिराटनगर, मोरङ |
| प्रदेश २ | २०७५ चैत्र १८-१९ बिहान ९ बजे | चौधरी कलवार पार्टी प्यालेश, पुरानो बसपार्क, जनकपुर, धनुषा |
| प्रदेश ३ | २०७५ चैत्र १५-१६ बिहान ९ बजे | होटल एभोकार्डो, हेटौडा मकवानपुर |
| गण्डकी प्रदेश | २०७५ चैत्र १५-१६ बिहान ९ बजे | जि.स.स. सभाहल, पोखरा, कास्की |
| प्रदेश ५ | २०७५ चैत्र १८-१९ बिहान ९ बजे | बुटवल, रुपन्देही (सम्पर्कः ९८४१७५५४५१) |
| कर्णाली प्रदेश | २०७५ चैत्र २४-२५ बिहान ९ बजे | जि.स.स. सभाहल, बिरेन्द्रनगर, सुर्खेत |
| सुदूरपश्चिम प्रदेश | २०७५ चैत्र २१-२२ बिहान ९ बजे | निर्माण व्यवसायी संघको सभाहल, धनगढी कैलाली |